# जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीको मिति २०७७ कार्तिक ५ गतेको बैठकको निर्णय

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको रोकथाम, न्यूनीकरण तथा व्यवस्थापनका लागि हालसम्म जिल्लामा भएका विभिन्न प्रयासहरुको बारेमा समिक्षा गरियो । आजको समिक्षामा जिल्लामा कोभिड-१९ सँग सम्बन्धित निम्न बमोजिमको अवस्था रहेको पाईयो । कोभिड-१९ संक्रमण रोकथाम, न्यूनिकरण र व्यवस्थापनको लागि जिल्ला स्थित सबै स्थानीय तह, राजनीतिक दलहरु, प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, संघसंस्था, सञ्चार जगतको थप एकिकृत प्रयासको आवश्यकता महसुश गरियो र त्यसै बमोजिम एकिकृत रुपमा क्रियाकलापहरु संचालन गर्ने निर्णय गरियो ।

**सिन्धुलीमा आज मिति २०७७/७/४ गते दिनको ४:०० बजे सम्मको कोभिड-१९ सम्बन्धी अपडेट**

| | | | | |
|---|---|---|---|---|
| | क्वारेन्टिनमा रहेका | महिलाः ० | पुरुषः-५ | जम्माः-५ |
| २. | आइसोलेशनमा रहेका | महिलाः-४२ | पुरुषः-९४ | जम्माः- १३६ |
| ३. | हालसम्म PCR को लागि स्वाव संकलन गरिएको संख्या :- ३८१३ | | | |
| ४. | हालसम्म PCR पोजेटिभ भएको संख्या | महिला :- ७० | पुरुषः-२०५ | जम्माः-२७५ |
| ५. | हालसम्म PCR नेगेटिभ भएको संख्याः- ३४१८ | | | |
| ६. | हालसम्म निको भएका संख्याः-१३९ | | | |
| ७ | आज PCR Test को लागि स्वाव संकलन गरिएको संख्याः | महिला :- ३१ | पुरुषः-७१ | जम्माः- १०२ |
| ८ | आज PCR नतिजा आएको संख्याः- | महिला :-८ | पुरुषः-४० | जम्माः ४८ |
| ९ | आज PCR नतिजा पोजेटिभ आएको संख्याः- | महिला :- ० | पुरुषः-२ | जम्माः-२ |
| १० | अव PCR नतिजा आउन बाँकी संख्या | महिला :- ४२ | पुरुषः ९० | जम्माः- १३२ |
| ११ | आज होम आईसोलेसनमा रहेका | महिला :- ३९ | पुरुषः-७९ | जम्माः- ११८ |
| १२ | आज संस्थागत आईसोलेसनमा रहेका | महिला :- २ | पुरुषः- १३ | जम्माः- १५ |
| १३ | हालसम्म विदेशबाट आएको संख्याः- | | | |
| | भारतबाट | महिला :- ११२ | पुरुषः ६८३ | जम्माः- ७९५ |
| | अन्य मूलुकबाट | महिला :- ५३ | पुरुषः ६३२ | जम्माः- ६८५ |
| | कूल जम्मा | महिला :- १६५ | पुरुषः१३१५ | जम्माः- १४८० |

२. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/४/३२ को निर्णयानुसार कमलामाई नगरपालिका वडा नं. ६ शिवनगर सिन्धुलीमा ५० वेडको कोभिड-१९ संक्रमित विरामीहरुको उपचार समेत सुविधा भएको आइसोलेशन भवन निर्माण कार्य शुरु भएको छोटो समयमै निर्माण कार्य सम्पन्न भएको छ । यस भवनको निर्माणका लागि रकम उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण दाताहरु, निर्माण कार्यमा सहयोग समन्वय एव सहजीकरण गर्नु हुने सम्पूर्ण महानुभावहरु तथा निर्माण कार्यमा खटिनु हुने भवन निर्माण समितिका सम्पूर्ण सदस्यहरुलाई जिल्ला विपद व्यवस्थापन समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

३. बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०७६/१२/२३ गतेको पत्रबाट कोभिड-१९ संग सम्बन्धित सामग्री खरिदका लागि प्राप्त रकम रु. ५ लाख मध्येबाट देहाय बमोजिम सामान खरिद गरिएको हँदा सो अनुमोदन गरियो ।

| | |
|---|---|
| पिपिई सेट | ४० थान |
| स्यानीटाइजर १०० मिलि | ६०० थान |
| सर्जिकल मास्क | ३००० थान |
| ग्लोभ्स | ३० प्याकेट |
| KN 95 मास्क | १०० थान |
| सोडियम हइड्रोक्लोराइड १० लि. | १० ग्यालिन |
| VTM Double | २०० थान |

**जम्मा स्वास्थ्य सामाग्रीहरुको जम्मा रु ४,६१,६३४/-**

४. यस वर्षको मनसुन अवधिभर यस जिल्लामा छिटपुट रुपमा विपदका घटना भएतापनि ठूला भौतिक तथा मानवीय क्षति हुने खालका विपद्जन्य घटनाहरु घटेनन् । सानातिना भएका विपद्का घटनामा तत्काल राहत तथा क्षतिपूर्ति स्वरुप जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिएको राहत तथा क्षतिपूर्ति (मृतक- १ जना, घर क्षति-२ वटा) जम्मा रकम रु. १,१२,०००/- अनुमोदन गरियो ।

५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ बमोजिम तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ अनुसार जिल्लामा सबै स्थानीय तह तथा जिल्ला विपद् व्यवस्थापन समितिका तर्फबाट भए गरेका खोज, उद्धार, राहत वितरण, क्षतिपूर्ति, पुर्नस्थापना लगायतका कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन अनुमोदन गरियो ।

६. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/२/२३ गतेको निर्णयानुसार कोभिड-१९ संक्रमण रोकथाम, न्यूनीकरण र व्यवस्थापनका लागि जिल्ला समन्वय समितिमा खाता खोलि रकम जम्मा गरिएकोम उक्त कोषको छुट्टै परिचालनको लागि तयार गरिएको <u>कोभिड-१९ संक्रमण रोकथाम संचालन कोष कार्यविधि, २०७७</u> स्वीकृत गर्ने ।

७. कोभिड-१९ को संक्रमणको जोखिम पछिल्ला केही दिन यता उच्च दरमा बढ्दै गइरहेको र नेपालीहरुको महान चाड वडा दशैं लगायत दिपावली र छठ जस्ता पर्वहरु नजिकिदै गरेको अवस्थामा भिडभाड बढ्न गई झनै असर पर्न सक्ने सम्भावनालाकई मध्यनजर गरी यस्त चाडपर्वहरु मनाउँदा सजगता र मितव्ययी अपनाई स्वास्थ सुरक्षा मापदण्ड अनुसार आ-आफ्नो घरभित्र मात्रै मनाउन सम्बन्धित पालिकाहरुले स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका तथा वडासदस्यहरू मार्फत समुदायमा सूचना प्रवाह गर्ने ।

८. नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार नै हालको जटिल अवस्थामा मठमन्दिर, शिवालय, मस्जिद, गुम्बा जस्ता धार्मिक आस्थाका केन्द्रहरुमा नित्यपूजा बाहेकका अन्य जमघट हुने क्रियाकलाप बन्द गरिएकोमा सो कार्यलाई आगामी चाडपर्वका बेलामा समेत निरन्तरता दिने र यस कार्यको अनुगमन स्थानीय पालिकाहरु तथा प्रहरीहरुबाट संयुक्त रुपमा गर्ने ।

९. मेला, जात्रा, खेलकुद तथा सम्बन्धित पालिकाहरुमा संचालनमा आउने हाट बजार जस्ता मानिसका भिड हुने स्थानहरु नेपाल सरकारबाट अर्को निर्णय भई नआएसम्म सम्बन्धित पालिकाहरुबाट संचालनमा रोक लगाउने।

१०. नजिकिदै गरेका विजया दशमी तथा दिपावलीका अवसरमा काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागबाट यस जिल्लामा ठूलो संख्यामा जिल्लाबासीहरु घर आउने भएकोले कोभिड-१९को संक्रमण बढ्न सक्ने सम्भावना भएकोले यस पटकको चाडमा सकेसम्म आ-आफू बसेकै स्थानमा चाड मनाउन सबै पालिकाहरुले उपयुक्त माध्यमबाट आ-आफ्नो पालिका भित्रका तर अन्यत्र गई बसोबास गरेका नागरिकहरूलाई आब्हान गर्ने । यति गर्दा पनि स्थानीय स्तरमा आईपुगेका नागरिकहरुको संक्रमणको अवस्था, स्वास्थ्य स्थितिको ख्याल राख्दै समुदायमा उनीहरुको घुलमिल र हिडडुललाई निरुत्साहित र निगरानी मिति २०७७/६/२० गते बसेको सर्बदलीय/सर्वपक्षीय बैठकबाट भएको निर्णय अनुसारको वडास्तरीय कोभिड-१९ सहजिकरण तथा व्यवस्थापन समिति र एक्सन टिमले गर्ने ।

११. निर्माण सम्पन्न भएको सिन्धुली अस्पताल कोभिड-१९ यूनिट बागमती प्रदेश नेपालका लागि अक्सिजन प्लान्ट स्थापना गर्न कारवाही अगाडी बढाउने निर्णय गरियो ।